# तादी गाउँपालिका

## गाँउपालिका स्तरीय लैङ्गिक हिंसा निवारण कोष कार्यविधि, २०७७

श्रीमान अध्यक्षज्यू
२०७७/६/२८ को कार्यपालिका
बैठकबाट गाउँपालिका स्तरीय लैङ्गिक
हिंसा निवारण कोष कार्यविधि २०७७ स्वीकृत
भएकोले प्रकाशनार्थ पेश गरेको छु।
२०७७/६/२८

तादी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,
खरानीटार, नुवाकोट ।

# लैङ्गिक हिंसा निवारण कोष(सञ्चालन) कार्यविधि, २०७७

मिति :२०७७ ।

**प्रास्तावना :** समाजमा बढदै गइरहेको लैङ्गिक हिंसा निवारणका लागि स्थापना गर्न बान्छनीय देखिएकाले प्रशासकीय कार्यविधि(नयमित गर्ने) ऐन, २०७४ को दफा ४ले दिएको अधिकार प्रयोग गरी तादी गाँउपालिकाले यो कोष सञ्चालन सम्बन्धि कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यी कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण (कोषसंचालन) कार्यविधि" **२०७७** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यालय" भन्नाले तादी गाँउपालिका गाँउकार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

(ग) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनुपर्छ ।

(घ) "सञ्चालक समिति" भन्नाले दफा ८ बमोजिमको राहत तथा आर्थिक सहयोग समिति सम्झनु पर्छ ।

(च) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थल,सार्वजनिक स्थल, घरपरिवारमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्छ ।

**३. कोषको स्थापना** :(१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-

क)वार्षिक रुपमा गाँउपालिकाद्धारा विनियोजित रकम,

ख)संघिय सरकार तथा प्रदेश सरकार बाट प्राप्त रकम ,

(ग) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(घ) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(ङ)अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपनियम (१) बमोजिमको रकम बैंकमा छुटै खाता खोली जम्मा गरिनेछ ।

**४. कोषमा रकम जम्मा गर्ने** : महिला हक हितको संरक्षणका लागि गाँउपालिकाले बार्षिक रुपमा तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मा गर्नु पर्नेछ ।

**५. कोषको उपयोग** :(१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग- गरिनेछ :

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि वीउपुजिं (सिडमनि) को रुपमा प्रदान गर्न,

(च) पुनर्स्थापना गराउन,

(छ) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा,

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबाकि तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागु पदार्थको दुर्व्यसनमा फसेका वा मनोरोगी भई सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**६ कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने** :(१)कोषको रकम ...

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिने छैन ।

७. **सञ्चालक समितिको गठन** :(१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि सञ्चालक समिति रहनेछ ।

(क) गाँउपालिका उपाध्यक्ष -संयोजक
(ख) प्रमुख प्रशासकिय अधिकृत -सदस्य
(ख) इलाका प्रहरी कार्यालय प्रमुख, -सदस्य
(ग) गाँउ सभा सदस्य (महिला २ जना) -सदस्य
(घ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत
स्थानीय तहमा गैर सरकारी संस्थाहरु मध्येबाट -सदस्य
सञ्चालक समितिले तोकेको संस्थाको प्रतिनिधि एक जना -सदस्य
(ङ) महिला तथा बालबालिका शाखा प्रमुख -सदस्य -सचिव

(३) उपनियम (२) को खण्ड(घ) बमोजिमको सदस्यको पदावधि ३ बर्षको हुनेछ ।
(४) सञ्चालक समितिको सचिवालय कार्यालयमा रहनेछ ।

८.. **सञ्चालक समितिको काम, कर्तब्य र अधिकार** : सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:
(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,
(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्वन्धमा अनुगमन गर्ने वा गराउन,
(ग) स्थानीय तहमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने
(घ) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने,

९.**राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार** :(१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहाएको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ ।
(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत र बास बस्नुपर्ने भए सो वापत छुटै रकम दिने,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन गर्दा लाग्ने भाडा रकम, खाना खर्च, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खच र उपचार खर्च समेत उपलब्ध गराउने,

(ग) कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा वीस हजार रुपैया,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृती हेरी बढीमा दश हजार रुपैयाँ,

(२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा सञ्चालक समितिले त्यस्तो पीडितलाइ मनासिव रकम थप गरी दिन सक्नेछ ।

१०. **राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने** :यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई वडा कार्यालयको सिफारिस सहित वा न्यायिक समितिको सिफारिस मार्फत महिला तथा बालबालिका शाखामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा सञ्चालक समितिले नियम १०को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**११. तत्काल रकम उपलब्ध गराउन सक्ने** :(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाइ तत्काल उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको संयोजकले प्रमुख प्रशासकीय अधिकृत सँग समन्वय गरी सो प्रयोजनको लागि कोषबाट रु.१०,०००।-(रु. दश हजार मात्र) नवढ्ने गरी मनासिव रकम सम्वन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ

(५) सञ्चालक समितिको बैठक सम्वन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी सञ्चालक समितिको संयोजकबाट पीडितलाई रकम उपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराईएपछि वस्ने सञ्चालक समितिको वैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१२. थप रकम निकासा माग गर्न सक्ने** :(१) कोषमा रहेको रकम अपर्याप्त भएमा रकम अपर्याप्तताको कारण खुलाई सञ्चालक समितिले थप रकम माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भई आएमा गाँउपालिकाले आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

**१३. छुट्टै खाता खोल्नु पर्ने** :(१)यस कार्यविधिको दफा ३ बमोजिम प्राप्त भएको रकम कुनै बाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको खाताको सञ्चालन कार्यालय प्रमुख र लेखामा काम गर्ने मुख्य कर्मचारीका दस्तखतबाट हुनेछ ।

**१४. कोषको लेखा र लेखा परिक्षण**:(१ कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परिक्षकबाट हुनेछ ।

**१५. आवर्ति( रिभल्भीङ)कोष** : यो कोष आवर्ति(रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

**१६. प्रतिवेदन पेश गने** :(१ राहत समितिले प्रत्येक २ महिनामा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन कार्यपालिकालाई बुझाउनु पर्नेछ ।

(२) कार्यालयले वार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गनुपर्नेछ ।

**१७. बैठक भत्ता:** सञ्चालक समितिका संयोजक वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत गाँउपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन ।यस्तो बैठक महिनाको १ पटक भन्दा बढी हुने छेन ।

**१८ . निर्देशन दिन सक्ने** :(१) कार्यपालिकाले सञ्चालक समितिको काम कारवाहीको सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।